

# अध्याय -१०

## सैतानका आखिरी जालहरू

यस अध्यायका मूल पदहरू: प्रकाश १२:९; प्रकाश १६:१३, १४; १ थेस्सोलिनिकी ४:१६,१७; इजकिएल ८:१६; इजकिएल २०:१-२० र प्रकाश १८:४,५।



यस अध्यायको मूल सार पदः "तपाईंको सत्यले तिनीहरूलाई पवित्र राख्नुहोस्। तपाईंको वचन नै सत्य हो।" यूहन्ना १७:१७।

अमेरिकाको शिकागो सहरमा सेप्टेम्बर महिनाका अत्यन्तै सुन्दर विहानीहरूमा एक बिहानी थियो। रमणीय तलाउ लेक मिशिगनमाथि चहकिलो घाम उदाएको थियो। केनेडी र आइजनहावर राजमार्गहरूमा कार तथा मोटरहरू तँछाडमछाड गर्दै अघि बढिरहेका थिए। विद्यार्थीहरू आआफ्ना स्कूलहरूमा जाँदै थिए। तब त्यसबेला अचानक आङ्गै सिरिङ्ग हुने खबरले शिकागोका बासिन्दाहरूको हृदय कठाङ्ग्रिएको थियो। कति मानिसहरू आफसेआफ बिरामी हुन थालेका थिए। कति मानिसहरू त टायनोल औषधी चक्की खाएको केही घन्टाभित्र मरिरहेका थिए। जब त्यो चक्कीहरूलाई प्रयोगशालामा जाँचेका थिए तिनीहरूमा त घाटक विष पोटासियम साइनाइडले बेरिएको भेट्टाए। एक जना मगज खुस्केको व्यक्तिले

त्यस औषधीलाई घाटक बनाएको थियो। आजसम्म त्यो व्यक्ति को हो भनेर पत्ता लगाएको छैन।

प्रकाशको पुस्तकमा दुई हजार वर्ष अघि नै यस संसारमा रहेका प्रत्येक मानव प्राणीलाई चेतावनी लेखिएको छ, "पृथ्वीका सबै बासिन्दाहरू बेबिलोनको घाटक मद्य पिएर मात्तिनेछ।" ती घातक मद्यको कचौरामा के छ त भन्दा त्यसमा जाली शिक्षादीक्षा, दर्शन र अनेकौं तर्क वा वादहरू चाहे धर्मका नाउँमा नै किन नहोस् हुनेछन्। झट्ट त्यो पिउँदा मुखमा वा दिमागमा असलै स्वाद होला वा राम्रै देखिएला तर तिनीहरूलाई निलियो वा दिमामा घुसायो भने मृत्युतिरमात्र डोऱ्याउँदछ। तर, संसारका मानिसहरूले ती जाली दर्शन, विद्या, शिक्षादीक्षा ग्रहण गरेर मर्नु नै पर्छ भन्ने छैन, किनकि मानिसहरूलाई आत्मिक विषबाट सुरक्षित राख्न अचुक औषधी बाइबलमा उपलब्ध गराएकोछः त्यो हो तीन स्वर्गदूतका सन्देशहरू।

बेबिलोनका अनेकौं जालहरूमात्र होइन, तिनीहरूबाट हामीलाई बचाउन र तिनीहरूले ल्याउने मृत्युबाट उद्धार गर्न येशूको योजनाको अध्ययन यस अध्यायमा पनि निरन्तररूपमा जारी राख्नेछौं। येशूको योजनालाई हामीले लत्यायौं भने हामी आत्मिक, शारीरिक, मानसिक र सामाजिक जीवनमा बिस्तारै आत्महत्या गरिरहेका हुनेछौं।

## १. मानिसहरूका आँखा वा दिमागहरूमा ठिकै छ भन्ने धारणा जब घुस्छ

युगको अन्तका दिनहरूको सन्दर्भमा येशूले अत्यन्तै प्रभावकारी र उल्लेखनीय चेतावनी उहाँका मुखबाट उच्चारण गर्नुभएको थियो, "अन्तिम दिनहरूमा नकल वा झुटा ख्रीष्ट वा मसीह र झुटा वा नामधारी भविष्यवक्ता वा भगवान, स्वामीहरूको उदय हुनेछन्। परमेश्वरले नै चुन्नुभएका मानिसहरूलाई पनि सकेसम्म धोखा दिन सबैलाई चकित पार्न तिनीहरूले अनेकौं अचम्मका चिन्ह तथा चर्तिकलाहरू वा अचम्मका कामहरू गरेर देखाउनेछन्।" मर्कूस १३:२२ रूपान्तरित। परमेश्वरले चुन्नुभएकाहरू को हुन् त? "उहाँले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाजको साथ पठाउनहुनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट उहाँका चुनिएकाहरूलाई भेला गर्नेछन्।" मत्ती २४:३१। यो त अलि भयभित पार्ने खबर छ, होइन त? अन्तिम दिनहरूमा सैतानले ल्याउने जालहरू यस्तो महान् हुनेछन् कि परमेश्‍वरका आज्ञा पालन गर्ने र येशूमाथि विश्वास राखेर अडिग

हुने (सेभेन्थ-डे एडभेन्टिस्टको चरित्र) येशूका भक्तजनहरू पनि उसको पासोमा पर्ने खतरा हुन्छ रे!

**सैतानले कसलाई धोखा दिन्छ भनेर प्रकाश १२:९मा उल्लेख गरिएको छ। यहाँ लेखिएका बोलीहरूलाई हामीले कसरी बुझ्ने? हेर्नुहोस्, "त्यो ठूलो अजिङ्गर तल फालियो— त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए।"**

जसरी युगौं युगमा परमेश्वरका केही विश्वासी जनहरू थिए, त्यसरी नै युगको अन्तमा पनि उहाँका केहीमात्र भएतापनि उहाँलाई विश्वास गर्ने, उहाँमाथि भरोसा राख्ने र उहाँका नीतिहरूमा चल्ने भक्तजनहरू त हुनेछन् नी। तर, प्रकाशको पुस्तकमा लेखिएको वाक्यले सैतानको जाल कतिसम्म फैलिएको रहेछ भनेर त्यसको यथार्ततालाई उघारिएको छ।

**हितोपदेश १४:१२मा के प्रभावकारी र उल्लेखनीय चेतावनी प्रस्तुत गरिएको छ? हेर्नुहोस्, "कुनै बाटो मानिसको नजरमा ठीक देखिएला, तर अन्त्यमा त्यसले मृत्युमा पुर्‍याउँछ।"**

विभिन्न तर्क, दर्शन, संस्कार, व्यक्तिहरू र मानवीय मनोवज्ञानले मानिसहरूलाई यो सल्लाह दिएको हुन्छः आफ्नो अन्तर्आत्मा वा स्वविवेकमा के ठिक छ वा के ठिक छैन, के असल छ वा खराब छ त्यसलाई नै निर्णायक पथप्रदर्शक ठानेर चल्नुपर्छ वा त्यसले बताएको अनुसार जिउनुपर्दछ। तर, हामी सबै पापी छौं, हामी सबै भ्रष्ट छौं भनेर बाइबलले जिकिर गर्दछ (यर्मिया १७:९, रोमी ३:९-१८), र त्यसकारण हाम्रो आफ्नै मनोभावना वा विवेकमा भरोसा राखेर चल्दा कतिपय समयमा ढिलो होस् वा चाँडो होस् हामी गल्ती बाटमा छौं भन्ने महसुस गर्ने ग्यारेन्टी नै छ। कतिपय समयमा खराब वा गल्ती गर्नुहुन्न भनेर जानेर पनि विवेकले हुन्छ भनेर मानिसहरूलाई उक्साइरहेको हुन्छ। आफूले गरेको काम ठिक छ, आफ्नो क्रियाकलाप धर्मी नै छ भन्ने सोचमा लागेका मानिसहरूले युगौं युगदेखि यस संसारमा दुष्ट र खराब काम वा तत्वहरूलाई सृजना गरिरहेकाछन्। आफ्नै विवेक अनुसार अन्याय, अत्याचार, दमन, हिँसा नीतिहरूमा कतिपय मानिसहरू लागेका थिए र लागिरहेकाछन्। तिनीहरू आफ्नै विवेकले देखाएको "त्यही बाटो ठिक छ" भन्ने कुरामा धुक्क हुन्छन र त्यही अनुसार कदम चालेका हुन्छन्।

तर, हामी येशूभक्तहरूले हाम्रो विवेक, सोच वा दिमागलाई कसरी तह लगाएर चल्ने भन्ने निर्णय गर्नु आवश्यक छ। हामी पापी हौं, हामी जोसुकै

भएतापनि, जुनसुकै संस्कारमा भएतापनि, जोसुकै जातका भएतापनि हाम्रा विवेक, सोच्ने र निर्णय गर्ने अधिकार पापले गर्दा प्रदुषित र भ्रष्ट भएको छ। तब, हामी कसरी ठिक भएर चल्ने भन्दा हाम्रा दिमागहरूलाई परमेश्वरको वचनले डुवाउनु खोज्नुपर्दछ। उहाँकै वचनमा रहने अठोट गर्नुपर्छ। जब हामी पवित्र आत्मालाई हाम्रो जीवन सुम्पिन्छौं, तब असत्य वा गल्तीबाट सत्यमा जान, के बेठिकबाट वा ठिक पहिल्याउन, खराबबाट असल गर्न उहाँले नै अगुवाइ गर्नुहुन्छ। (लोकप्रिय प्रचारक मोरिस भेन्डनले भनेका थिए, "यदि हामी शुद्ध, निश्कङ्क र निर्मल जीउन चाहन्छौं भने येशूका जीवन र शिक्षा हाम्रो दिमाग वा विवेकमा भरेर हामी चल्नुपर्दछ वा त्यस अनुसार चल्नुपर्दछ)। यदि हाम्रै विवेक, नियत, निर्णय, भावना र जुक्तिहरूमामात्र भर परेर चल्यौं भने हामी सजिलैसँग सैतानका छल र पासो वा जालहरूमा पर्न सक्छौं।

**तपाईंले मानिसहरूका बारेमा सोच्नुहोस् जसले आफ्नो स्विवेक प्रयोग गरेर जे ठिक छ त्यही अनुसार चल्दछन्। त्यसमा पनि आफूहरू परमेश्वरकै इच्छा अनुसार चलेका छन् भन्ने धर्मलाई अस्त्र बनाएर दुष्ट कामहरू कतिपयले गरिरहेका छन्। संसारमा झुटो इसाई अगुवाहरू वा जो आफूलाई ख्रीष्टकै अवतार मानेका थिए वा ख्रीष्टकै आदेश अनुसार चलेका थिए भनेर दावी गरेका थिए तर अन्तमा तिनीहरू र तिनीहरूका अनुयायीहरूको अन्त्य दुःखद तरिकाले भएको थियो। यो प्रवृत्ति इसाई धर्ममामात्र होइन सबै क्षेत्रहरूमा थिए र छन् पनि। ती दुःखद घट्नाहरूबाट हामी के सिक्न सक्दछौं?**

## २. आत्मा अमर छ भन्ने पुरानो झुट शिक्षा

**अनेकौं अध्यात्मवाद, तन्त्रमन्त्र र बाइबलसम्मत नभएका अलौकिक आत्मिक चर्तिकला, दर्शन र वादहरू यस संसारमा व्यापक छन्। त्यसबारेमा देहायका पदहरूले कसरी जनाउ दिन्छन्? हेर्नुहोस्, "१३ तब मैले अजिङ्गरको मुखबाट, त्यस पशुको मुखबाट र झूटो अगमवक्ताको मुखबाट भ्यागुताहरूजस्ता तीन वटा घृणित आत्माहरू निस्किरहेका देखें। १४ तिनीहरू चमत्कार देखाउने दुष्टात्माहरू हुन्। तिनीहरू समस्त संसारका राजाहरूकहाँ जाँदछन्, र सर्वशक्तिमान् परमेश्वरको महान् दिनमा युद्ध गर्नलाई तिनीहरूलाई भेला गर्छन्।" प्रकाश १६:१३-१४ र "२ तिनले यसो भनेर शक्तिशाली सोरले कराए: "महानगरी बेबिलोनको पतन भयो, यो महानगरी भूतहरूको वासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पक्षीको अखड़ा भएको छ।...२३ बत्तीको उज्यालो तँमा कहिल्यै चम्कनेछैन। दुलहा र दुलहीको सोर**

**पनि तँमा कहिल्यै सुनिनेछैन। किनकि तेरा व्यापारीहरू पृथ्वीका ठूला-ठूला मानिसहरू थिए, र तेरा मन्त्रतन्त्रले जाति-जातिहरू ठगिएका थिए।" प्रकाश १८:२,२३।**

दुष्ट आत्मा वा दानवहरू रहने ठाउँ र तन्त्रमन्त्र गर्ने तान्त्रिकहरू सबै दुष्ट आत्मा वा सैतानको पतित स्वर्गदूतहरूका क्रियाकलापहरू हुन्। अन्तको दिनमा सैतानले मानिसहरूलाई आफ्नो महाजालमा फसाउने दईवटा दर्शन वा शिक्षाहरूमा मानिस अमर छ भन्ने पनि एउटा हो भन्ने कुरालाई चेतावनीस्वरूप दिँदा हामी चकित हुनुहुँदैन (यसबारे एलेन जी ह्वाइटको द ग्रेट कन्त्रोभर्सी, पृ. ५८८ मा जानकारी दिएको छ)।

हुन त सैतानका ती चर्तिकलाहरूलाई हामीले सजिलैसँग पहिचान गर्न सक्छौं। अरू धर्म र दर्शनहरूको कुरै छोडौं मानिस अमर छ भन्ने ठोस शिक्षा इसाई जगतमा व्यापक छ। धर्मी मानिस वा मुक्ति पाएकाहरू स्वर्गमा सिधै जान्छ र पापीहरू नरकमा जान्छन् भनेर धेरै इसाई सम्प्रदाय वा डिनोमिनेशनका पास्टर र अगुवाहरूले विश्वास गर्छन् र सिकाउँदछन्। विश्वविख्यात प्रचारक बिल्ली ग्राहमको मृत्युपछि धेरै इसाई प्रचारक, अगुवा र विश्वासीहरूले "बिल्ली ग्राहम स्वर्गमा सुरक्षित हुनुहुन्छ र उहा येशूको प्रिय पाखुरामा हुनुहुन्छ," भनेर बोलिरहेकाछन्। मानिस मरेपछि कि त स्वर्ग वा नरक वा पिशाच क्षेत्रमा वा अर्कै अवतार लिएको छ भन्ने सैतानको झुट कहाँमात्र पसेको छैन र? चाहे चर्चमा होस्, कक्षाहरूमा होस् व विशेष गरेर अन्त्येष्टि कार्यक्रमहरूमा मानिस अमर छ भन्ने बाइबलले नमानेको शिक्षा इसाईहरूले नै दावी गरेर जनमानसमा भ्रम फैलाइरहेका छन्।

**मानिस मरेपछि के हुन्छ भन्ने स्पष्ट जानकारी देहायका पदहरूमा दिएको पढ्नुहोस् र हाम्रो आशा कहाँ छ त्यो पनि ठोकुवा हामी कसरी गर्न सक्छौं? हेर्नुहोस्, "५ किनभने हामीहरू मर्नेछौं भनी जीवितहरूले जान्दछन्, तर मरेकाहरूले त केही पनि जान्दैनन्। तिनीहरूका निम्ति केही प्रतिफल हुँदैन। तिनीहरूको सम्झना पनि लोप हुन्छ। ६ तिनीहरूका प्रेम, घृणा, ईर्ष्या सबै लोप भएका हुन्छन्। सूर्यमुनि गरिएको कुनै काममा तिनीहरूको फेरि कहिल्यै भाग हुँदैन।" उपदेशक ९:५-६; "२५ तर म जान्दछु, मेरा उद्धारक जीवित हुनुहुन्छ, सबैभन्दा अन्तिम समयमा उहाँ पृथ्वीमा खड़ा हुनुहुनेछ। २६ अनि मेरा छाला नाश गरिसकेपछि, मेरो शरीरमै म परमेश्वरलाई देख्नेछु। २७ म आफ्नै आँखाले उहाँलाई देख्नेछु, आफैले नै देख्नेछु अरू कसैले होइन। मेरो हृदय मभित्रै कति लालयत बन्छ!" अय्यूब १९:२५-२७; "१६ किनकि प्रभु**

**स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।" १ थेसलोनिकी ४:१६-१८" र" "१३ अनि स्वर्गबाट आएको यस्तो आवाज मैले सुनें, "यो लेखः अब उप्रान्त प्रभुमा मर्नेहरू धन्यका हुन्।" आत्मा भन्नुहुन्छ, "हो, तिनीहरूले आफ्नो-आफ्नो परिश्रमबाट आराम पाउनेछन्, किनकि तिनीहरूका काम तिनीहरूका पछि लाग्नेछन्।" प्रकाश १४:१३।**

बेबिलोनीय सभ्यताका (र कतिपय अहिलेको धार्मकि जगतमा पनि) शिक्षाका खम्बाहरूमा मानिसहरूलाई भ्रममा पार्ने मृत्युको बारेमा गलत धारणा थियो। मानिस मरेपनि आत्मा मर्दैन भन्ने धारणा नै ती शिक्षा, दर्शन वा विश्वासहरूको केन्द्रविन्दु थियो। मानिस अमर छ भन्ने धारणाले विभिन्न छली धर्म वा आध्यात्मवादहरूतिर मानिसहरूलाई अग्रसर गराउँछ, जस्तै भुतप्रेत जगाउने, तन्त्रमन्त्र गर्नै, तान्त्रिक, झाँक्री, प्रकृति, पितृ पूजा र सन्तहरूलाई चाहे इसाई नै किन नहुन् मनाउन पूजा आजा गर्ने संस्कार अहिले पनि सर्वमान्य छ। यदि मानिस मरेपछि कुनै पनि कुनै रूपमा जीवितै छ र हामीसँग विभिन्न माध्यमहरू जस्तै बोक्सी, मन्त्रतन्त्र, बीर जगाउन सकिन्छ भनेर विश्वास हामी गर्छौं भने सैतानको हजारौं भ्रमको खेती वा प्रभावबाट हामी कसरी जोगिन सक्छौं र? आफ्ना मरेका आमा वा बालक, वा प्रियजन अचानक तपाईंकहाँ देखा परेर तपाईंसँग कुरा गर्छन् वा भूत वा पिशाच भएर आउँछन् रे! यसले तपाईंको दिमागलाई नै मूर्ख बनाउन सक्छ। सैतानको यस चर्तिकला विगतमा भएको थियो, अहिले पनि भइरहेको छ र अन्तको दिनमा त झन बढ्नेछ। ती भूत, प्रेत, पिशाच, मन्त्रतन्त्र, तन्त्रमन्त्र आदिबाट देखा पराउने वा कुरा गर्न लगाउने सैतानका दुष्ट पतित स्वर्गदूतहरू नै हुन् र ती महाजालबाट सुरक्षित हुन बाइबलको सही शिक्षालाई आत्मसात् गर्नुको बिकल्प छैन। मानिस मरेपछि कुनै भूत, पिशाच आदि हुँदैन तर येशूको दोस्रो आगमन नहञ्जेल सुतिरहन्छ भन्ने बाइबलक शिक्षाबाट कोही मानिस पनि बिचलित हुनुहुन्दैन।

**हाम्रै धार्मिक, संस्कार र परम्परामा मानिस मरेपछि उसको आत्मा जिवितै भइरहेको हुन्छ भन्ने धारणाप्रति तपाईं कतिको सजग हुनुहुन्छ? परमेश्वरको वचनलाई नै बलियोसँग समातिराख्नुमात्रै हाम्रो किन सुरक्षा हो?**

## ३. बेबिलोनः सूर्य पूजाको केन्द्रबिन्दु

सूर्यलाई भगवान भनेर पूजा गर्ने धार्मिक संस्कार प्राचिन मिश्रदेश, असेरिया, पर्सिया, बेबिलोनमा प्रचलित थियो। जेम्स जी. फ्रेजरले आफ्नो पुस्तक *द वर्शिप अप नेचर* वा प्रकृति पूजाको बारेमा यसरी उल्लेख गर्दछन्, "पौराणिक बेबिलोनमा सूर्यलाई देवता भनेर पूजा गर्ने चलन अतिप्राचिनकालदेखि नै चलिआएको थियो।"- (लन्डनः माकमिलन , १९२६), ठेली १, ५२९। यसले गर्दा पुरानो करारमा परमेश्वरका जनहरू कहलाउनेहरूमा पनि सूर्यलाई पूजा गर्ने बेबिलोनीय धर्मले प्रभाव पारेको थियो।

**पौराणिक इस्राएल र यहूदाका परमेश्वरकै जाति भनेर यहूदीहरूमा सूर्यलाई पूजा गर्ने चलनले कसरी प्रभाव पारेको थियो भनेर देहायका पदहरूमा अगमवक्ताहरूले कसरी उल्लेख गरेका छन्? पढ्नुहोस्: "१६ तब उहाँले मलाई परमप्रभुका भवनको भित्री चोकमा ल्याउनुभयो, अनि त्यहाँ वेदी र दलानको बीचमा मन्दिरको प्रवेशद्वारमा प्रायः पच्चीस जना मानिसहरू थिए। तिनीहरूका पीठ परमप्रभुको मन्दिरतिर र अनुहारचाहिँ पूर्वपट्टि फर्काएर पूर्वतिरै सूर्यलाई दण्डवत् गरिरहेका थिए। १७ उहाँले मलाई भन्नुभयो, "हे मानिसको छोरो, के तैंले यो देखिस्? के तिनीहरूले यहाँ गरिरहेका यी घिनलाग्दा काम यहूदाका घरानाको लागि सानो कुरा हो र? के तिनीहरूले देशलाई पनि उपद्रवले भरेर मलाई निरन्तर रीस उठाउँछन्? हेर, तिनीहरूले आफ्ना नाकमा हाँगा राखेका छन्! १८ यसकारण म मेरो रीसमा तिनीहरूसित व्यवहार गर्नेछु। म तिनीहरूलाई टिठ्याएर छोड्नेछैनँ। तिनीहरू उच्च सोरले मेरो कानैमा कराए तापनि म तिनीहरूको कुरा सुन्नेछैनँ।" इजकिएल ८:१६-१८ र "५ यहूदाका नगरहरू र यरूशलेमका छेउछाउका अल्गा-अल्गा ठाउँहरूमा धूप बाल्ने पूजाहारीहरू, जुनहरूलाई यहूदाका राजाहरूले नियुक्त गरेका थिए— उनीहरू जसले बाललाई, घामलाई र जूनलाई, अनि नक्षत्रहरू र सम्पूर्ण तारामण्डललाई धूप चढ़ाउने गर्थे। ६ तिनले परमप्रभुको मन्दिरबाट अशेराको खम्बा निकालेर यरूशलेमको बाहिर किद्रोन खोल्सामा लगेर त्यहीं जलाइदिए, र धूलोपीठो पारे। अनि तिनले त्यो साधारण मानिसका चिहानहरूमा छरिदिए।...११ परमप्रभुका मन्दिरको द्वारमा यहूदाका राजाहरूले सूर्यका सम्मानको निम्ति बसालेका घोड़ाहरू हटाइदिए। तीचाहिँ नातान-मेलेक नाउँका एक जना अधिकृतका कोठा नजिकको चोकमा थिए। तब सूर्यको निम्ति समर्पण गरिएका रथहरू योशियाहले जलाइदिए।" २ राजाहरू २३:२,११। यही सन्दर्भमा पावलको यो मन्तव्य पनि पढ्नुहोस्, "२१ किनकि परमेश्वरलाई चिनेर पनि तिनीहरूले परमेश्वरलाई**

**दिनुपर्ने महिमा दिएनन्, न त धन्यवाद नै चढ़ाए, तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए, र तिनीहरूको मूर्ख मन अझ अँध्यारो भयो। २२ बुद्धिमान् छु भन्ने दाबी गरे तापनि तिनीहरू मूर्खै भए, २३ र तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रूपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे। २४ यसकारण परमेश्वरले तिनीहरूलाई तिनीहरूका हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो, कि तिनीहरूले आपसमा आफ्ना शरीरको अनादर गरून्। २५ किनकि तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे। २६ यसैकारण परमेश्वरले तिनीहरूलाई लाजमर्दो कामुकताको निम्ति छोडिदिनुभयो। तिनीहरूका स्त्रीहरूले आफ्ना स्वाभाविक व्यवहारलाई अस्वाभाविक व्यवहारमा परिवर्तन गरे, २७ र त्यसरी नै स्त्रीतर्फको स्वाभाविक व्यवहार त्यागेर एक-दोस्रातर्फ कामुकताको जलनमा पुरुषहरूले पुरुषहरूसितै निर्लज्ज काम गरे, र आफ्नै शरीरमा आफ्ना कसूरको उचित दण्ड भोगे।" रोमी १:२१-२७।**

दानिएलका समकालिन अगमवक्ता इजकिएलले परमेश्वरका केही जनहरूको चर्तिकलाको चित्र देखेका थिए। तिनीहरूले आफ्नो पीठ परमेश्वरको मन्दिरतिर फर्काएर पूर्व दिशाको सूर्यलाई पूजा गर्दै थिए। तिनीहरूले सृष्टिकर्ता परमेश्वरको पूजा गर्न छोडेर सृष्टिलाई पूजा गरेका थिए।

इसाई चर्चभित्रै बेबिलोनीय धार्मिक परमम्परा भित्राइने छ भनेर गरेको भविष्यवाणी प्रकाश १७मा यूहन्नाले लेखेका छन्। सूर्यलाई पूजा गर्ने समेत विभिन्न परमम्पराहरू जनमानसलाई खुशी तुल्याउन इसाई आस्था धमिल्याउने युगमा चर्चमा भित्रिनेछ भनेर भविष्यवाणी गरिएको छ। जब चौथो शताब्दीमा सम्राट् कन्सेटाइन इसाई भएँ भनेर घोषणा गरे तब समस्त रोमी साम्राज्यमा इसाईहरूमा ठूलो हर्ष छाएको थियो। सम्रात् कनस्टेटाइन भित्री हृदयदेखि नै सूर्यलाई पूजा गर्ने व्यक्तित्व थिए। यसबारे प्रख्यात इतिहास विद्वान एडवार्ड गिबनले यसरी लेखेका छन्, "विश्वव्यापीरूपमा पूजा गरिएको सूर्य नै कन्स्टेन्टाइनको अजेय अगुवा र रक्षक भनेर मानिसएको थियो।" हिस्टोरी अभ *द डिक्लाइनज एण्ड फल अभ द रोमन इम्पाएर,* (लन्डनः जे.ओ. १८३०), पृ. १२। सन ३२१मा कन्स्टेटाइनले पहिलो आइतबारे कानुनको अध्यादेश जारी गरे। त्यसमा लेखिएको थियो, "गरिमामय सूर्यलाई पूजा गर्ने दिनमा सहरका बडा हाकिमहरू र समस्त जनताहरूले विश्राम लिउन् र सबै काम र पसलहरू बन्द गरुन्।"- कन्स्टेटाइनको इडिक्ट अर्थात् अध्यादेश, सन ३२१। यस

अध्यायदेश वा आइतबारलाई रोमी साम्राज्यका सबै मानिसहरूले मान्नैपर्छ भनेर कर गरेको त थिएन, तर यसले रोमका बासिन्दाहरूका दिमागहरूमा आइतबारमा सूर्यको पूजा गर्ने दिन र पवित्र दिन भन्ने धारणालाई घुसाइ दिएको थियो।

समय बित्दै जाँदा विभिन्न सम्राट र रोमन क्याथोलिक चर्चका अगुवा पोपहरूले र चर्चका परिषदहरूले आइतबारलाई नै इसाईहरूले मान्नुपर्छ भन्ने नीति जारी गरेका थिए। यो नीति अहिले पनि अधिकाँश इसाईहरूमा प्रचलित नै छ। बहुमत वा बहुसंख्यक जनता वा समूदायले विश्वास गऱ्यो वा चलनमा ल्यायो भन्दैमा गलत तत्व सत्य हुँदैन वा ठिक हुँदै भन्ने तितो सत्यको प्रभावकारी उदाहरण यो भन्दा अरू के होला?

**विभिन्न समाज, देश, संस्कार र इसाई चर्चहरूमा नै सूर्यलाई कसरी पूजा गरिन्छ सो हेर्नुहोस्। सैतानले सत्यलाई बँग्याउने जालहरू कतिको शक्तिशाली छ भनेर त्यसले हामीलाई कसरी बनाउँछ? मानिस मरेपछि के हुन्छ भन्ने सैतानको जाली शिक्षामा नपर्न आइतबारे पूजाको दिनबाट सुरक्षित हुने केवल एउटैमात्र उपाय के छ?**

## ४. आस्थावान र निष्ठावान हुन आह्वान

प्रकाश १४को दोस्रो स्वर्गदूतको सन्देश हो "बेबिलोन पतन भयो, पतन भयो।" प्रकाश १७मा चिनाइएको आत्मिक बेबिलोन त्यस स्त्री हो जो रातो र बैजनी वस्त्र लगाएकी र रातो रङ्गको पशुमा चढेकी हुन्छिन्। उनले मद्यपानको कचौरा हातमा लिन्छिन् र संसारमा गलत र असत्य सिद्धान्तहरू मिसाएर मानिसहरूलाई पिउन लगाउँछिन्। उनले मानिसहरूलाई लठ्ठ बनाउँछिन्। अनि लठ्ठ बनाएर इसाई चर्च र राजतैनिक सरकारलाई एकतामा राख्छिन्। असत्यले यस संसार जमेको हुन्छ। सैतानका दुष्ट आत्मा वा स्वर्गदूतहरूले अनेकौं चमत्कारीय काम गर्दछन् र सर्वसाधारण जनतालाई धोखा दिन्छन्। अनि संसार अन्तिम द्वन्द्वको निम्ति निर्णाएक घडीमा पुग्छ।

यसै बेला परमेश्वरका जनहरूलाई सास्ती दिन्छन्, गिज्याउँछन्, दवाउँछन्, सताउँछन्,, ख्रीष्टमा तिनीहरू रहेर र पवित्र आत्माको शक्तिले तिनीहरू आफ्नो आस्थामा अडिग भएर बस्छन्। ख्रीष्टप्रति तिनीहरूको बफादारीतालाई सारा नरकको शक्ति र दुष्टको शक्तिहरूले हल्लाउन सक्दैन। तिनीहरू उहाँमा सुरक्षित हुन्छन्। उहाँ तिनीहरूको प्रतिवद्धता यस्तो हुनेछ, "१ परमेश्वर हाम्रा शरणस्थान र शक्ति हुनुहुन्छ, सङ्कष्टमा सधैं हाजिर रहने

सहायता। २ यसकारण हामी डराउनेछैनौं, चाहे पृथ्वी उथलपुथल होस्,वा पर्वतहरू समुद्रको गर्भमा खसून्, ३ चाहे समुद्र गर्जोस् र फीँज काढ़ोस्, र चाहे त्यो उर्लेर आउँदा पर्वतहरू थर्कून्।"भजनसंग्रह ४६:१-३।

युगको अन्तमा रहेका मानिसहरूलाई परमेश्वरले उहाँको वचनप्रति निष्ठावान हुन उहाँले आह्वान गरिरहनुभएको छ। येशूले आफ्ना भक्त चेलाहरूको निम्ति यस्तो प्रार्थना गर्नुभएको थियो, "तिनीहरूलाई तपाईंको सत्यले पवित्र बनाउनुहोस्। तपाईंको वचन नै सत्य हो।" यूहन्ना १७:१७। पृथ्वीको इतिहासको शङ्कटको घडीमा परमेश्वरका जनहरूको निम्ति अगुवाइ गर्ने तारा परमेश्वरको वचनमा पाइएको सत्य हो। कुनै पनि मानवीय धारणा, दर्शन, विद्या वा वादहरू होइन।

*द स्टान्डर्ड म्यानुएल फर द बप्तिस्ट चर्चका* लेखक डा. एडवार्ड टी. हिसकस्कले आफ्नो उल्लेखनीय कथन यसरी व्यक्त गरेका छन्। सन् १८९३मा उनले बप्तिस्ट चर्चका सयौं पास्टरहरूलाई इसाई चर्चमा आइतबार कसरी  घुस्यो भनेर भनेर यो मन्तव्य व्यक्त गर्दा तिनीहरू चकित भएका थिए।

"मूर्तीपूजाको छाप लागेको आइतबारलाई चर्चमा घुस्नु कस्तो दुःखलाग्दो छ। सूर्य भगवानको नाउँ बोकेको यस दिनलाई भ्रष्ट पोपिय तन्त्रले चर्चमा घुसायो र यो पवित्र दिन हो भन्ने मान्ने चलन सुधारवादी वा प्रोटेस्टेन्टहरूले शिरोपर गरिरहेकाछन्!" (नभेम्बर १३,१८९३)।

इजकिएल २०:१-२० पढ्नुहोस्। इजकिएलको सन्देशको सारांश के हो र परमेश्वरप्रतिको बफदारितामा अडान लिने क्रममा साबथले कसरी उल्लेखनीय भूमिका खेल्दछ? हेर्नुहोस्, "१ सातौं वर्षको पाँचौं महिनाको दशौं दिनमा इस्राएलका कोही धर्म-गुरुहरू परमप्रभुसित सोधपूछ गर्नलाई आएर मेरो सामुन्ने बसे। २ तब परमप्रभुको यो वचन मकहाँ आयोः ३ "हे मानिसको छोरो, इस्राएलका धर्म-गुरुहरूसँग कुरा गर् र तिनीहरूलाई भन्, 'परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः के तिमीहरू मसित सोधपूछ गर्नलाई आएका छौ? जस्तो म जीवित छु, परमप्रभु परमेश्वर भन्नुहुन्छ, तिमीहरू मलाई सोधपूछ गर्न पाउनेछैनौ÷। ४ "के तिमी तिनीहरूको न्याय गर्नेछौ, हे मानिसको छोरो? के तिमी तिनीहरूको न्याय गर्नेछौ? त्यसो भए, तिनीहरूका पिता-पुर्खाहरूको घिनलाग्दो व्यवहारको विषयमा तिनीहरूलाई सामना गर, ५ र तिनीहरूलाई भन्ः 'परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः 'जुन दिन मैले इस्राएललाई छानें, त्यसै दिन याकूबको घरानासित मैले हात उठाएर शपथ खाएँ र मैले आफैलाई

तिनीहरूका बीचमा प्रकट गरें। मैले हात उठाएर तिनीहरूलाई भनें, "म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।" ६ त्यस दिन मैले तिनीहरूसित यो शपथ खाएँ, कि म तिनीहरूलाई मिश्रदेशबाट निकालेर मैले तिनीहरूका निम्ति खोजेको देशमा ल्याउनेछु, जुन देशमा दूध र मह बग्छ, र जुन देश सबै देशहरूभन्दा सुन्दर छ। ७ अनि मैले तिनीहरूलाई भनें, "तिमीहरू हरेकले आफ्ना आँखाले देखेका प्यारो वस्तु, ती घिनलाग्दा प्रतिमाहरू हटाओ, र मिश्रदेशका मूर्तिहरूले आफूलाई बिटुलो नपार। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। ८ "'तर तिनीहरू मेरो विरुद्धमा बागी भए र तिनीहरूले मेरा कुरा सुनेनन्। आफ्ना आँखाले देखेका प्यारो वस्तु, ती घिनलाग्दा प्रतिमाहरूलाई तिनीहरूले फालेनन्, न त तिनीहरूले मिश्रदेशका मूर्तिहरूलाई त्यागे। यसैले मैले भनें, कि मिश्रदेशमा नै म मेरो क्रोध तिनीहरूमाथि खन्याउनेछु, मेरो रीस पूरै पोखाउनेछु। ९ तर जुन जातिहरूका बीचमा तिनीहरू बसेका थिए र जसका नजरकै सामुन्ने मैले तिनीहरूलाई मिश्रदेशबाट निकालेर ल्याई इस्राएलीहरूका अगि आफूलाई चिनाएँ, ती जातिहरूका आँखाका सामु मेरो नाउँ अपवित्र नहोस् भनेर आफ्नो नाउँको खातिर मैले यो काम गरें। १० यसैकारण मैले तिनीहरूलाई मिश्रदेशबाट निकालेर मरुभूमिमा ल्याएँ। ११ मैले तिनीहरूलाई मेरा विधिहरू दिएँ र मेरा नियमहरू देखाएँ, किनभने जुन मानिसले ती पालन गर्छ, तिनैबाट त्यो बाँच्नेछ। १२ त्यसबाहेक तिनीहरूलाई पवित्र पार्ने म परमप्रभु नै हुँ भन्ने कुरा तिनीहरूले जानून् भनेर तिनीहरू र मेरो बीचमा चिन्हको लागि मैले तिनीहरूलाई शबाथदिनहरू पनि ठहराइदिएँ। १३ "तापनि इस्राएलका मानिसहरू मरुभूमिमा मेरो विरुद्धमा बागी भए। तिनीहरू मेरो विधिहरूमा उर्दीहरूमा चलेनन्, तर तिनीहरूले मेरा नियमहरूलाई इन्कार गरे- यद्यपि ती पालन गर्ने मानिस तिनैबाट बाँच्नेछ— मेरा शबाथहरूलाई तिनीहरूले एकदमै बिटुलो पारे। यसैले मैले भनें, कि म यही मरुभूमिमा तिनीहरूमाथि मेरो क्रोध पोखाएर तिनीहरूलाई नाश गरिदिनेछु। १४ तर जुन जातिहरूका नजरकै सामुन्ने मैले तिनीहरूलाई निकालेर ल्याएँ, ती जातिहरूका आँखाका सामु मेरो नाउँ अपवित्र नहोस् भनेर मेरो नाउँको खातिर मैले यो काम गरें। १५ त्यसबाहेक मैले आफ्नो हात उठाएर मरुभूमिमा तिनीहरूसित यो शपथ खाएँ, कि दूध र मह बग्ने देशमा जो सबै देशहरूभन्दा सुन्दर छ, त्यहाँ म तिनीहरूलाई ल्याउनेछैनँ- १६ किनभने तिनीहरूले मेरा नियमहरूलाई इन्कार गरे र मेरा विधिहरूमा चलेनन्, र मेरा शबाथहरूलाई बिटुलो पारे। किनकि तिनीहरूका हृदय आफ्ना मूर्तिहरूको

भक्ति गर्न लागेका थिए। १७ तापनि मैले दया गरेर तिनीहरूलाई मरुभूमिमा सर्वनाश गरिनँ, अथवा तिमीहरूको पूरै अन्त गरिनँ। १८ मैले मरुभूमिमा तिनीहरूका छोराछोरीहरूलाई भनें, "तिमीहरू आफ्ना पिता-पुर्खाहरूका धार्मिक-विधानहरूमा नहिँड़ अथवा तिनीहरूका नियमहरू नमान, वा तिनीहरूका मूर्तिहरूले तिमीहरू आफैलाई बिटुलो नपार। १९ म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। मेरा विधिहरूमा हिँड़, र मेरा नियमहरू पालन गर्नलाई होशियार होओ। २० मेरा शबाथहरू पवित्र राख, र ती मेरो र तिमीहरूका बीचमा चिन्ह होऊन्। तब तिमीहरूले म नै परमप्रभु तिमीहरूका परमेश्वर हुँ भनी जान्नेछौ।"

इस्राएलीहरूलाई मूर्तीपूजा त्याग र सृष्टिलाई भन्दा सृष्टिकर्ताको आराधना र उपासना गर भनेर परमेश्वर गर्नुभएको हार्दिक आह्वान इजकिएल २०मा उल्लेख गरिएको छ। तिनीहरूले मिश्र देशकै मूर्तीहरूलाई ढोग्न पुगेका थिए। तीन स्वर्गदूतहरूको सन्देशमा परमेश्वरले त्यही खालको आह्वान गरिरहनुभएको छ, "सृष्टिकर्ताको आराधना गर," किनभने "बेबिलोन पतन भएको छ।" अन्तिम घट्नाहरूमा साबथप्रति निष्ठावान हुने नीतिले ठूलो भूमिका खेल्नेछ भन्ने कुरा हामीलाई थाहा छ।

**इजकिएल २०:१-२०बाट हामी आफैले के पाठ सिक्न सक्छौं? हेर्नुहोस्, पावलको भनाइ पनि "१ भाइ हो, तिमीहरूले यो कुरा जान भनी म चाहन्छु, कि हाम्रा पुर्खाहरू सब बादलमुनि थिए, र सबै समुद्रको बीचबाट भएर गए। २ अनि मोशामा तिनीहरू सबैले बादल र समुद्रमा बप्तिस्मा पाएका थिए। ३ सबैले एउटै आत्मिक भोजन खाए। ४ सबैले आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो। ५ तापनि तिनीहरूमध्ये धेरैजसोसँग परमेश्वर प्रसन्न हुनुभएन, र तिनीहरू मरुभूमिमा नष्ट भए। ६ उनीहरूले जस्तै हामीले खराबीको इच्छा नगरौं भनी यी कुरा हाम्रो चेताउनीको लागि हुन्। ७ तिनीहरूमध्ये कतिझैं तिमीहरू मूर्तिपूजक नहोओ। जस्तो लेखिएको छ, "मानिसहरू खान र पिउनलाई बसे, अनि नाच्नलाई उठे।" ८ हामी व्यभिचारमा फस्नुहुँदैन, जसरी तिनीहरूमध्ये कति जना फसे, र एकै दिनमा तेईस हजार मरेका थिए। ९ हामीले प्रभुको परीक्षा गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र सर्पहरूद्वारा नष्ट भएका थिए। १० हामीले गनगन गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र विनाशकबाट नष्ट भएका थिए। ११ यी कुराहरू तिनीहरूलाई चेताउनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका**

**हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ। १२ यसकारण जसले खड़ा छु भनी सोचेको छ, त्यो होशियार रहोस्, नत्रता त्यो लड्नेछ। १३ मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ— यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ।" १ कोरिन्थी १०:१-१३।**

## ५. आज्ञा पालन गर्न परमेश्वरको अनुग्रह

रातो रङ्गले पोटेको पशुमाथि चढेकी चहकिलो रातो र वैजनी वस्त्र लगाएकी स्त्रीले आफ्नो रक्सीको कचौरालाई पिउन दिएर संसारका कठित इसाई धर्मका अगुवा र सरकारी अधिकारवालाहरूलाई लठ्ठ पारेकीछिन् र अर्थात् बेबिलोनको मिथ्या धार्मिक शिक्षादीक्षालाई पिउन दिएकी छिन्। "बेबिलोनको रक्सी"को बारेमा एलेन जी ह्वाइटले यस्तो स्पष्ट टिप्पणी गरेकी छिन्: "त्यस महावेश्याको हातको कचौरामा भएको रक्सी के हो त? उनका झुट शिक्षाहरू हुन्। बाइबलको चौथो आज्ञामा स्पष्ट गरेको सत्य साबथको सट्टा उनले संसारलाई झुटो साबथ संसारलाई दिएकी छिन्, र हव्वालाई अदनको बगैंचामा पहिला बोलेको झुट दर्शन वा शिक्षा पनि संसारलाई पिउन दिएर लठ्ठ पारेकी छिन्-त्यो झुट शिक्षा हो मानिस अमर छ।"- रिभ्यु एण्ड हेराल्ड डिसेम्बर, ६,१८९२। इसाई भएर आइतबार नै चर्च जानुपर्छ र मानिस अमर छ भन्ने बाइबल सम्मत नभएको जाली शिक्षाले करोडौं मानिसहरूलाई फसाएको छ। त्यसको फलस्वरूप, अन्तिम दिनको आह्वान परमेश्वरले आफ्ना जनहरूलाई दिइरहनुभएको छ कि ती गलत शिक्षाहरू बोकेका चर्चसमेत अरूसमूहरूबाट बाहिर निस्कुन्।

**पतित र भ्रष्ट धार्मिक संस्थाहरूमा फसिरेका करोडौं मानिसहरूका जमातलाई परमेश्वरको अपिल के छ? हेर्नुहोस्, "४ तब मैले स्वर्गबाट यसो भनिरहेको अर्को आवाज सुनें: "हे मेरा मानिस हो, त्यसबाट निस्केर आओ, नत्रता त्यसका पापहरूसँग तिमीहरू पनि सहभागी हुनेछौ, र त्यसका विपत्तिहरू तिमीहरू भोग्नेछौ, ५ किनकि त्यसका पापहरू स्वर्गसम्मै थुप्रो लागेका छन्, र परमेश्वरले त्यसका अधर्महरू सम्झनुभएको छ।" प्रकाश १८:४-५।**

**हामीले** पहिला नै औंल्याइसकेका छौं कि परमेश्वरका जनहरू विभिन्न इसाई धार्मिक चर्चहरूमा छन् जो बाइबलको शिक्षासँग झुटो शिक्षाहरू मिसाएकाछन्। तिनीहरूले बाइबलका स्पष्ट सत्यहरूलाई बुझेका छैनन्।

परमेश्वरको प्यारो आह्वान सिधा छः " "हे मेरा मानिस हो, त्यसबाट निस्केर आओ, नत्रता त्यसका पापहरूसँग तिमीहरू पनि सहभागी हुनेछौ, र त्यसका विपत्तिहरू तिमीहरू भोग्नेछौ।" प्रकाश १८:४।

**पाप भनेको के हो भनेर देहाय पदहरूले कसरी परिभाषा गरेकाछन्? येशूका ती दुई चेलाहरूले लेखेका वचनहरूलाई तुलना गर्नुहोस्? हेर्नुहोस्, यूहन्नाको "पाप गर्ने हरेकले व्यवस्था भङ्ग गर्दछ। पाप नै व्यवस्था भङ्ग हो।" १ यूहन्ना ३:४ र पावलको "तर कसैले शङ्का गरेर केही खायो भने त्यो दोषी ठहर्छ, किनकि उसले विश्वाससाथ खाएको छैन। विश्वासबाट उत्पन्न नभएको कुनै पनि कुरा पाप हो।" रोमी १४:२३।**

परमेश्वरको व्यवस्था वा दश आज्ञालाई भङ्ग गरेर चल्नु नै पाप हो। तर कोहीले पनि परमेश्वरको व्यवस्था पालन गर्छु भनेर पालन गर्न सक्दैन। केवल विश्वासद्वारा जीवित ख्रीष्टको शक्तिमा भर परेरमात्रै दश आज्ञालाई पालन गर्न सकिन्छ। हामी कमजोरी छौं, निर्धा छौं, ढलमलिन्छौं। हामी पापी मानव प्राणी हौं। विश्वासद्वारा जब हामी ख्रीष्टलाई स्वीकाछौं तब उहाँको अनुग्रहले हाम्रा विगतका पापहरूलाई बिलाइ दिनुहुन्छ र बर्तमान जीवनमा पापको खिलाफमा जिउन उहाँले हामीलाई सशक्त बनाउनुहुन्छ। यस मामिलामा पावलले भन्दछन्, "उहाँका नाउँको खातिर विश्वासद्वारा आउने आज्ञापालन सबै जातिहरूका बीचमा ल्याउनलाई हामीले उहाँद्वारा अनुग्रह र प्रेरितको काम पाएका छौं।" रोमी १:५। येशू मर्नुभएपछि परमेश्वरको व्यवस्था वा दशलाई पालन गर्नुपर्दैन र त्यसलाई मान्नुपर्दै भनेर सिकाउने हजारौं चर्चहरूमा भएका आफ्ना जनहरूलाई ती चर्चबाट विश्वासबाट निस्कनु भनेर परमेश्वरले आह्वान गरिरहनुभएको छ। साबथ पालन गर्ने एडभेन्टिस्टहरूलाई पनि आफ्नो स्वार्थ र आफ्नो भाउ खोज्ने प्रवृत्तिलाई त्याग्नु भनेर परमेश्वरले आह्वान गरिरहनुभएको छ। मानवीय प्रयासबाट धर्मात्मा हुन वा आज्ञा पालन गर्न छोडेर विश्वासबाट ख्रीष्टको अनुग्रहद्वारा ईश्वरिय जीवन बिताउन येशूले सबैलाई आह्वान गरिरहनुभएको छ। पापलेगर्दा हामीमाथि ल्याउने दोष र पापको प्रभुत्वबाट उहाँलेमात्र उद्वार गर्न सक्नुहुन्छ। यदि इस्राएलीहरूले परमेश्वरको व्यवस्थाप्रति बफादार भएको भए (व्यवस्था ४:६) तिनीहरू सारा संसारको निम्ति प्रभावकारी गवाही हुन्थे। हामीलाई पनि परमेश्वरको आज्ञाप्रति बफादार भएर संसारको सामु प्रभावकारी गवाही हुन र मानिसहरूलाई बेबिलोनबाट निकाल्न अगुवाइ होऔं भनेर ख्रीष्टले आह्वान गरिरहनुभएको छ।

**उपसंहार:**

**थप जानकारी:** " प्रकाशको पुस्तकमा "महान् बेबिलोन" भनेर उल्लेख गरिएको छ । यसको विशेष अर्थ छ । युगको अन्तमा भ्रष्ट चर्च र धर्महरू एक हुने अभियान हो । परमेश्वरकै प्रेरणाद्वारा उल्लेख गरिएको महान् बेबिलोन त्यसलाई सम्बोधन गरिएको छ जुन तीन समूहको एकता हो । रोमन क्याथोलिकको पोपियतन्त्र, बाइबलबाट भ्रष्ट भएका प्रोटेस्टेन्ट चर्चहरू र विभिन्न आध्यातमिकवाद वा दुष्ट आत्माहरूको चलखेल भएको धार्मिक समूदायको एकता हुने गिरोहलाई पतित बेबिलोन भनिन्छ । बेबिलोन भन्ने शब्दले संघसंस्थाहरू आफै र तिनीहरूका अगुवाहरूलाई जनाउँछ, तर त्यसका सर्वसाधारण सदस्यहरूलाई इङ्गित गर्दैन । तीं सर्वसाधारण मानिसहरूलाई "धेरै पानीहरू" भनेर प्रकाश १७:१,१५ ले बुझाउँछ ।" *द एसडिए बाइबल कमेन्टरी,* ठेली ७, पृ. ८५१, ८५२ ।

"मानिस अमर छ र आइतबार नै इसाई पवित्र दिन हो भन्ने  महान् दुई भ्रष्ट गलत शिक्षाहरूलाई जोडेर सैतानले मानिसहरूलाई आफ्नो जालमा पार्नेछन् । मानिस अमर छ भन्ने शिक्षा बाइबलसम्मत नभएका धार्मिक वा आध्यात्मिक विद्याहरूको जग हो भने आइतवारलाई पवित्र मान्ने धारणा रोमको पोपियतन्त्रप्रति राखेको मोहको उपज हो।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्ट्रोभर्सी,* पृ. ५८८ ।

पुरानो करारमा (वा कतिपय अहिलेको धार्मिक गतिविधिहरूमा होस्) उल्लेख गरिएको अनुसार मरेकाहरूको आत्मालाई जगाउने भन्ने धार्मिक विश्वास बेबिलोन सभ्यताको एक प्रमुख भाग हो । मानिस अमर छ भन्ने सिद्धान्त बेबिलोनको  सभ्यतामा धेरै बलियो विश्वास हो। मानिस मरेपछि पिशाचीय संसारमा आत्मा पस्छ भनेर तिनीहरूले विश्वास गर्दथे । मानिस अमर छ, मानिसको आत्मा कहिल्यै मर्दैन भन्ने धारणा बाइबलको निम्ति अनौठो छ । *जिविश इन्साइक्लोपिडिया* वा यहूदी धर्मको विश्वकोशमा मानिस अमर छ भन्ने असत्य धारणा कसरी उत्पत्ति भयो भनेर स्पष्टरूपमा यसरी व्यक्त गरिएको छ: "मानिस मरेपछि उसको आत्माको निरन्तररूपमा अस्तित्व हुन्छ वा घुमिरहन्छ भन्ने भन्ने धारणा पवित्र धर्मशास्त्रमा कहीँ पनि सिकाएको छैन । यहूदीहरूले पनि विश्वास गरिएको मानिस अमर छ भन्ने धारणा तिनीहरूको सम्पर्क ग्रीक वा युनानी सभ्यतासँग भएको कारणले हो । त्यो धारणा विशेष गरेर ग्रीक दार्सनिक प्लेटोको उपज हो। उनले यस धारणालाई विस्तृत व्याख्या गरेका थिए । पौराणिक ग्रीकका देवीदेवता अर्फिक र इल्यिनियनहरूको रहस्यमय चर्तिकलाको विश्वाससँग बेबिलोनि र मिश्रीहरूको विश्वाससँग आत्मा अमर छ भन्ने अनौठा मिसावटलाई व्याख्या गर्न प्लेटोको स्थान अग्रज छ।"-कौफमान कोहिलर (१९०६) ।

**चिन्तनमननः**

अ. मानिस मरेपछि के हुन्छ भन्ने सत्य ज्ञान किन निर्णायकरूपमा महत्त्वपूर्ण छ? यसले हामीलाई कसबाट सुरक्षित राख्दछ? फेरि यो सान्त्वनादायक पनि किन छ?

आ. सैतानको कतिपय जालहरू हामी देख्न सक्दछौं, तर कतिपय रहस्यमय छन्। जेभएतापनि सैतानको कुनै पनि जालमा नपर्न हामी के गर्नुपर्दछ?

इ. इसाई सर्वसाधारण होस् वा धर्मगुरुहरू होस् आफ्ना दुष्ट कामहरू बाइबलको आधारमा परमेश्वरको इच्छा अनुसार चलेका छौं भनेर विश्वास गरेका हुन्छन्। यसलाई हामीले कसरी बुझाउने? यसमा परमेश्वरको दश आज्ञाको भूमिका के छ?

# कथा १०

# मद्यपानको धरापमा

# गाब्रिएल, पोर्चुगाल



गाब्रियल रक्सी पिउन असाध्यै मन पराउँछन्। उनी रक्सीमा चुरलुम्म डुबेकोले उनकी श्रीमती उनीदेखि चिन्तित थिइन्। उनलाई र तिनीहरूको छोरो योर्गे सुरक्षित भएको श्रीमतीले चाहन्थिन्। तिनीहरू पोर्च्युगालको मडिरिरा भन्ने टापुमा बसोबास गर्दथे। त्यो टापु दक्षिण पोर्च्युगाल र पश्चिम अफ्रिकाको बीचमा थियो। त्यहाँ जान तिनीहरू हवाइ जहाजबाट ९० मिनेटको यात्रा गर्नुपर्दथ्यो। तिनीहरूको जीवनलाई परिवर्तन गर्न केही अनौठो घट्ना श्रृङ्खलाबद्धरूपमा घट्न पुग्यो। योर्गे ४ वर्षको हुँदा पूर्वप्राथमिक स्कूलमा ऊ भर्ना हुनुपर्दथ्यो। तर सार्वजनिक स्कूलमा केही दिन गएपछि योर्गे त्यस स्कूलमा जान चाहेन। जब उसलाई स्कूलमा लगेर राख्थ्यो तब ऊ "वाँ वाँ" गरेर रुँथ्यो। आमा लुइजाले के गर्ने सो थाहा भएन न त उनको श्रीमान गाब्रियल। गाब्रियललाई आफ्नो छोरोको भन्दा रक्सीको चिन्ता थियो।

केही दिनपछि त्यो परिवार त्यस टापुको सबभन्दा ठूलो सहरमा गएको थियो। त्यहाँ केही कामको निम्ति त्यस परिवार गएको थियो। जब आफ्नो कामको सिलसिलामा त्यो परिवार सहरमा जाँदै थियो, तब लुइजाले एउटा आकर्षित पार्ने स्कूल देखिन्। त्यो स्कूलको पर्खालमा फलामको ढोका थियो। उनले गाब्रियललाई भनिन्, "हामी त्यस स्कूलमा जाऔं। त्यहाँ योर्गेलाई भर्ना गर्न सकिन्छ कि हेरौं। खुला भएको ढोका वा गेटबाट तीन जना भित्र पसे। योर्गेले त्यस स्कूलमा खुट्टा राख्ने बितिक्कै उसले भन्यो, "मलाई यो स्कूल त मनपर्छ!" त्यहाँ केही बालबालिकाहरू चौरमा खेलिरहेका थिए, त्यो देख्ने बित्तिक्कै योर्गेले भन्यो, "म अर्को स्कूलमा जान चाहन्न।" त्यस स्कूलमा पढ्न पाउला कि भन्ने आशाले उसले आफ्ना बुबा र आमाको अनुहार हेऱ्यो। खुट्टा बजाएर उसले चिच्यायो, "म अर्को स्कूलमा जानै चाहन्न!" अब योर्गे सेभेन्थ-डे एडभेन्टस्ट स्कूलमा भर्ना भयो। सुरुदेखि नै उसले त्यो स्कूल मन परायो र घरमा जान ऊ कहिल्यै पनि रोएन। लुइजाले संतोषको सास फेरिन्। गाब्रिएललाई पनि हलुको भयो र खुशी भएर रक्सी पिए। गाब्रियलले रक्सी पिउन छोडोस् भनेर लुइजाले प्रार्थना गर्दै रहिन्।

केही दिनपछि लुइजालाई स्कूलको दोस्रो तलामा बुधवार प्रार्थना सङ्गतिकोलाई एक जना शिक्षिकाले निम्तो दिइन्। लुइजा र योर्गे गए र तिनीहरूले धेरै मन पराए। लुइजाले त यस संसारमा स्वर्गकै अनुभूति पाइरहेको जस्तो भएको थियो। उनी र योर्गे हप्तैपिछे सङ्गतिमा जान थाले। अनि पछि गाब्रियल पनि प्रार्थना सङ्गतिमा जान थाले। जब उनी त्यहाँ गए तब रक्सी पिउने चाहना चिसो हुन थालेको उनले महसुस गऱ्यो। उनी शान्ति चाहेको थियो र विगतको जीवन छोड्न चाहेको थियो। तर उनी जँड्याहा भएकोले उनलाई धरापमा पारेको थियो।

एक दिन एक जना चर्चको सदस्यले गाब्रियल र उनको परिवारलाई बनभोजमा निम्तो दियो। आफ्नो जीवनमा पहिलोपल्ट गाब्रियलले स्वस्थ खाना खाना पाएको थियो। त्यहाँ त रक्सी नै थिएन। यस खालको स्वस्थ खाना उनले पहिला कहिल्यै पनि खाएको थिएन। उनले खाना मन पराए र यो खालको जीवन उनलाई ठिक लागेको जस्तो भयो। गाब्रियल र लुइजा बाइबल अध्ययन गर्ने सानो झुण्डमा सरिक भए। जब तिनीहरूले बाइबल अध्ययन गर्न थाले गाब्रियललाई रक्सी पिउने चाहना छोड्न थालेकोले उनी छक्क भए। उनी रक्सी नपिउनेहरूको सङ्गतमा थिए। उनको काम गर्ने ठाउँमा सबै जनाले रक्सी पिउँथे। जब उनले १ कोरन्थी ६:१९ पढे तब उनको हृदय छोएको थियो, " तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो भनेर के तिमीहरूलाई थाहा छैन र? उहाँ परमेश्वरबाट आउनुभएको हो र तिमीहरूको शरीर तिमीहरूको होइन भन्ने के तिमीहरूले बुझ्दैनौं?" जब रक्सी नपिउनेसँग उनले बढि समय बिताउन थाले तब रक्सी पिउने चाहना स्वात्तै गयो। उनले रक्सी खान छोडेकोले लुइजा धेरै खुशी भइन्। परमेश्वरले उनको प्रार्थना सुन्नुभएको थियो। गाब्रियल र लुइजाले आफ्ना हृदयहरू येशूलाई सुम्पे र बप्तिस्मा लिए। जब योर्गे १२ वर्षको थियो उसले पनि आफ्नो हृदय येशूलाई सुम्प्यो र बप्तिस्मा लियो। आज गाब्रियल चर्चको एल्डर भएका छन् र लुइजा डिकनेस भएकी छिन्। उनले बालसङ्गतिमा सहयोग गर्छिन्।

आजसम्म पनि  जब योर्गे सार्वजनिक स्कूलमा जाँदा किन रुँथ्यो त्यो गाब्रियल र लुइजालाई बुझ्न सकेको छैन। ऊ एडभेन्टिस्ट स्कूलमा खुशी छ। तर एउटा कुरो स्पष्ट छ। योर्गे एडभेन्टिस्ट स्कूलमा गएकोले परिवारको जीवन आमूलरूपमा परिवर्तन भएको थियो।

"चर्चको बारेमा पहिला नै थाहा भएको भए कस्तो राम्रो हुन्थ्यो। चर्चले मेरो परिवार र मलाई ठूलो आशिष भएको प्रमाणित गरेको छ," खुशी भएर गाब्रियलले सुनाउँछन्।

*-आन्ड्र्यु मेकचेस्ने*